# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 5 Monthly International Edition of Herald of His Coming May 2020

वर्ष २१, अङ्क ५ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (जेठ, २०७७)


# पवित्र आत्माको अविनाशी मार्गदर्शन
## The Unerring Guidance of The Holy Spirit

Vol 77 No. 3 (915)

**By Samuel L. Brengle (1860 – 1936)**

पवित्र आत्माको काम भनेको परमेश्वरका मानिसहरूलाई स्वर्गको राज्यसम्म डोऱ्याउनु हो । उनीहरूलाई परमेश्वरको कामको जोखिम र कर्तव्यद्वारा सबै उहाँको नजिक पुऱ्याउनु हो । जब मोसाले इस्राएलीहरूलाई मिश्रको भूमिबाट बाहिर ल्याए त्यसपछि उनिहरू उजाड स्थानमा आइपुगे परमेश्वरले उनीहरूलाई दिनमा बादलको खाबो र रातमा आगोको ज्वाला भएर डोऱ्याउनुभयो । जसले गर्दा उनिहरूले आराम र सुरक्षाको महसुस गर्न सके यो केवल एक प्रकारको आश्वासन थियो । आफ्ना मानिसहरूको निम्ति अनन्तको धार्मिक मार्ग थियो । तर म कसरी जान्दछु कि परमेश्वरले म बाट के चाहानुहुन्छ ? निश्चय नै उहाँले नम्र र भक्तिपूर्ण जोसिला हृदय भइ पिडामा परेका मानिसहरूको विचमा पवित्र आत्माको शक्तिले डोऱ्याएको चाहानुहुन्छ । उहाँले हामीलाई बारम्बार प्रश्न सोधिरहनुहुन्छ कि म परमेश्वरको निम्ति आत्माद्वारा अभिषेक भएको छु ?

**हामीलाई सधै उहाँको मार्ग दर्शन चाहिन्छ**

हाम्रो मष्तिष्कमा सधै उहाँको मार्ग दर्शनछ भन्ने निश्चयता हुनुपर्दछ । उदाहरणको लागि एउटा पानी जहाजलाई लिन सकिन्छ । पानी जहाजलाई जुन बन्दरगाह पुग्नुपर्ने हो त्यहाँ नपुगीकन अर्कै ठाउँमा पुगेछ । चालकले जब परिक्षण गरेर हेऱ्यो तब बाकस भित्रको कम्पासको एउटा सानो सुइले निर्देशन अनुसार काम गरेको रहेनछ त्यसैले त्यो जहाज सम्बन्धित ठाउँमा पुग्न सकेन । त्यस्तै हाम्रो जीवनको यात्रामा पनि थुप्रै समुद्रका खतराहरू आउन सक्छन् । यदि हाम्रो जिवनमा सहि निर्देशन गर्ने कम्पासले काम गरेन भने गन्तव्य स्थानसम्म पुग्न सकिँदैन । यदि हामी भित्रको ठिक दिशा निर्देशन गर्ने कम्पास (पवित्र आत्मा)ले राम्रो सँग काम गरेन भने हामी स्वर्गको बन्दरगाहमा पुग्न सक्दैनौ । जब हामी बिहान उठ्छौ र बाहिर निस्कन्छौ कुनै परमेश्वर को व्यक्तिलाई भेट्छौ कस्तो शब्दबोल्ने, कुन अनुच्छेद पढ्ने, कस्तो व्यवहार देखाउने र कसरी त्यो व्यक्तिसँग कुराकानी गर्ने, हामीलाई निर्णय हुनुपर्छ । त्यो निश्चर्य पवित्र आत्माको शक्तिद्वारा डोऱ्याएको हुनुपर्दछ । खाली पवित्र आत्माले निर्देशन गर्नुहुन्छ भनेर हामी आफ्नो इच्छामा हिँड्यौ भने परमेश्वरको वचन अनुसारको जिवन जिउन सक्दैनौ । मानिसलाई परमेश्वरको वचन अनुसारको सान्त्वना दिन सक्दैनौ । तर जब हामी परमेश्वरको वचन अनुसार हिँड्छौ परमेश्वरले हामीलाई निरन्तर मार्ग दर्षनग गर्नुहुन्छ । "परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुलन पार्नुहुनेछ, र तिमीहरूका हाडहरूलाई बलिया पार्नुहुनेछ । तिमीहरू प्रशस्त पानीले भिजाएको बगैचा र नसुक्ने पानीको मूलमै हुन्छौ ।" (यशैया ५८:११) कहिले काहि होइन तर उहाँले हामीलाई लगातार डोऱ्याउनुहुनेछ ।

भजनरचियताले भनेका छन्,"किनकी यी नै परमेश्वर हामा सदासर्वदामा परमेश्वर हुनुहुन्छ, उहाँ नै अनन्तकालसम्म हाम्रो अगुवा हुनुहुनेछ ।"(भजनसंग्रह ४८:११) पवित्र आत्माको बारेमा येशूले भन्नुभयो, "जब उहाँ, अथात सत्यका आत्मा आउनुहुनेछ तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुने छैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदनुहुनेछ ।" (यूहन्ना १६ :१३) पावलले लेखेका

छन्"किनभने सबै जो परमेश्वरका आत्माले डोऱ्याएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन् ।" (रोमी ८:१४) यी धर्मशास्त्रले यो तथ्यलाई स्थापित गर्दछ कि परमेश्वरका सन्तानहरू सधै परमेश्वरको आत्माद्वारा डोऱ्याइन्छन् । हे महानपरमेश्वर मलाई अगुवाइ गर्नुहोस् । म कमजोर छु तर मलाई शक्तिशाली हुनुहुन्छ । तपाईंको शक्तिशाली हातले मलाई समात्नुहोस् ।

**परमेश्वरले हामीलाई कसरी डोऱ्याउनुहुन्छ ?**

पावलले कोरिन्थको पत्रमा यसरी भन्दछन् "किनकी हामी विश्वासद्वारा हिँड्छौ, देखिने कुराको आधारमा होइन ।"(रकोरिन्थी ५:७) फेरि उनले रोमीको पुस्तकमा यसरी भन्दछन् "किनकि सुसमचारमा परमेश्वरबाट आउने धार्मीकता प्रकट भएको छ, त्यो धार्मिकता जो चाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउछ । यस्तो लेखिएको छ, धर्मीचाहि विश्वासद्वारा नै जिउनेछ ।" (रोमी १:१७) त्यसकारण यो निष्कर्षमा पुग्न सक्छौ कि पवित्र आत्माको डोऱ्याइ विश्वासीको अभ्यासको माग हो । विश्वासको आवश्यकता परमेश्वरले नोआलाई चेतावनी दिनुभयो, नोआले विश्वासद्वारा जहाज बनाए । जब अब्राहम उनले देख्न सक्ने ठाउमा जानलाई परमेश्वरले भन्नुभयो उनि विश्वास साथ गए । "विश्वासद्वारा नोआ र त्यती बेला सम्म आदेश गरेका घटनाका बारेमा परमेश्वरबाट चेतावनी पाएर भक्तिसाथ आफ्नो घरनालाई बचाउन एउटा जहाज बनाए । यसरी संसारलाई दोसी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकार भए विश्वासद्वारा अब्राहामले आज्ञा पालन गरे र जाऊ भनेको ठाउतिर गए, जुन ठाउ उत्तराधिकारको ठाउमा उनले पछि पाउने थिए यद्यपि उनी कतातिर गइरहेका थिए त्यो उनलाई थाहा थिएन ।" (हिब्रू ११:७ - ८) "विश्वास विना परमेश्वरलाई प्रसन्न पार्न असम्भव छ किनकि जो परमेश्वरको नजिक आउछ त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।" (हिब्रू ११:६)

भजन लेखकले यो भनेका छन् कि, "उहाँले नम्रहरूलाई साचो मार्गमा डोऱ्याउनुहुन्छ र उनिहरूलाई आफ्नो मार्ग सिकाउनु हुन्छ ।"(भजनसंग्रह २५:९) यसबाट हामीलाई थाहा हुन्छ कि पवित्र आत्माले हामीलाई डोऱ्याउनुहुन्छ । उहाँले उत्तम तरिकाहरू सिकाउनुहुन्छ न्यायको दिनको लागि अभ्यास गर्न सिकाउनु हुन्छ । हाम्रो समझलाई उचित तर्क र विवेकशिल बनाउन निर्देशित गर्नुहुन्छ ? जो वेस्थलेले भने कि कुनै पनिकायको लागि उसको समझशक्तिमा असल किसिमको तर्कले भरिदिनुहुन्छ र उसलाई निर्देशनगरेर ठिक बाटोमा डोऱ्याउनुहुन्छ । भजन लेखकले यसो भन्दछन् कि, "आफ्नै सल्लाहामा तपाईंले मलाई डोऱ्याउनुहुन्छ र पछि मलाई महिमामा लानु हुनेछ ।" (भजन संग्रह ७३:२४) "म तलाई शिक्षा दिनेछु, त कुन मार्गमा हिँड्नु पर्ने हो सो तलाई सिकाउने छु । म तलाई परामर्श दिनेछु र तमार्थि नजर राख्ने छु ।" (भजन संग्रह ३२:८)

पवित्र आत्माको यसप्रकारको निर्देशनमा हामीले ध्यानदिएर सुन्ने पर्दछ र लगनशिलताका साथ अध्ययन गर्नु पर्दछ साथै धैर्यपूर्वक उहाँले हामीलाई सिकाउनु हुने पाठहरू सिक्नुपर्दछ र हामी देख्छौ कि पवित्र आत्माले हाम्रो शक्ति र शिक्षालाई अलग राख्दैन बरु उनीहरूलाई जोगाउन र उत्प्रेरित गर्दछन् । पुर्ण गतिविधि र तिनीहरूलाई राम्रो मिलाएर पूर्णतामा विकास गर्नुपर्दछ । उहाले हामीलाई बुद्धिमानी साथ मार्ग निर्देशन गर्नको लागि मार्ग दर्शन गर्नुहुन्छ । उहाँले हामीले के गर्न खोजिरहेका छौ भन्न कुरा हाम्रो सम्पूर्ण आत्मिक अस्थित्वलाई देखेर थाहा पाउनुहुन्छ । जसरी सूर्यले हाम्रो शारीरिक अस्तित्वलाई उज्यालो बनाउदछ र हामीलाई यस्तो एकता र सहानुभूतिमा ल्याउदछ, प्रतिको बुद्धिको लागी हर समय हाम्रो बारेमा परमेश्वरको हृदय हामी प्रति भइरहन्छ । र हामीले उहाँको इच्छालाई बुझ्न सक्दछौ ।

**पवित्र आत्माले हामीलाई यसरी डोऱ्याउनु हुन्छ:**

१. बाइबलका गहिरा र पवित्र सत्यताहरू हाम्रो दिमागमा खोलिदिएर र विशेष गरेर येशू र उहाँका प्रेरितहरूको चरित्र र आत्मा हामीलाई प्रकट गरेर हामीलाई उनीहरूको पाइला पच्छाउन नेतृत्व गरेर तिनीहरूको विश्वास र प्रेमको पाइलाहरू र परमेश्वर र मानिसप्रति निस्वार्थ भक्ति गर्ने आफ्ना जीवनको लागि समेत दिएर डोऱ्याउनु हुन्छ ।

२. हाम्रो दैनिक जीवनको परिस्थिति र जसका वरपर भएका अरुहरूका सल्लाहबाट विशेष गरी भक्त र ज्ञानी र अनुभवि पुरुष र महिलाहरूको गहिरा सरसल्लाहवाट पनि डोऱ्याउनु हुन्छ साथै आन्तरिक विश्वस्तथाबाट जुन हामी उहाँमा प्रार्थना गर्दछौ र आज्ञा पालन गर्दछौ र काम गर्नलाई तयार हुन्छौ, । र यस्ता सावैभौम प्रतिवद्धताबाट नै मानिसहरूलाई प्रचार गर्न विदेशी भूमिमा मिसनेरी प्रचारकको रूपमा जान, आफ्नो समय, प्रतिमा पैसा र जीवनहरू परमेश्वरको कामको लागि समर्पण गर्न लगाएर हामीलाई उहाँले पूर्ण रूपमा डोऱ्याउनु हुन्छ ।

**किन कसै कसैले पवित्र आत्माको निर्देशनपाउन सक्दैनन् ?**

१. किनकि तिनीहरू लगनशिलताका साथ परमेश्वरको वचन अध्ययन गर्दैनन् र यसको सत्यता र सिद्धान्तको भरिन्छन् तर खीष्टले

सिकाएका कार्य गर्न पछाडी परेका हुन्छन् र वेवास्था गरेका हुन्छन् त्यसैकारण उनीहरूले ईश्वरीय मार्ग दर्शनलाई गुमाएका हुन्छन् । एक जना इश्वरभक्त व्यक्तिले जहिले पनि बाइबल आफूसँग बोकिरहन्थे र जब खाली समय पाउँथे उनले अध्ययन गर्ने आफ्नो मन सोचाई ईश्वरतिर र लगाउँदथे र आफूलाई ईश्वरीय शक्तिमा डोऱ्याउँदथे र परमेश्वरको निम्ति परिश्रम गर्थे ।

२. तिनीहरूले दैनिक जीवनको परिस्थिति र अवस्थालाई नम्रता साथ स्वीकार गर्दैनन् । उनीहरूको लागि परमेश्वरको दैनिक वा वर्तमान योजना पूर्ण रूपमा बलिदिनन कुनै एक भागको रूपमा लिन्छन् र दैनिक जीवनका कार्यलाई मुख्य रूपमा लिदैनन् । उदाहरणको लागि एउटा युवतिले कल्पना गरिन कि उनले आफूलाई आत्माको लागि पूर्ण रूपमा समर्पित गर्न बोलाइएको थियो । तर खोजी प्रशिक्षण अन्तरगत उनले आफ्नो स्वार्थ देखीन र उनले भनिन कि घर फर्केर त्यहाँ पवित्र जीवन विताउन पर्नेछ । यो जीवन प्राप्त गर्न खोज्नु पर्नेछ । यदि हामी आफ्नो घरमा विश्वास योग्य छैन भने हामी के के पसलमा वा हाम्रो काममा विश्वास योग्य छैन भने हामी के पसलमा वा हाम्रो काममा विश्वासयोग्य वन्न सक्छौ ति युवतीले आफ्नो घरमा जे गर्नु पर्ने हो त्यो गरिनन् अब, बाहिर कसरी गर्न सक्छिन् । त्यसैले यदि हामी परमेश्वरको मार्ग दर्शन खोज्छौ भने पहिला उहाँको खोजी गर्नु पर्छ र आज्ञा पालन गर्न पर्छ अनि मात्र परमेश्वर बाको मार्ग दर्शन पाउन सकिन्छ ।

३. किनकि तिनीहरू सिकाउन योग्य छैनन् र अन्य इसाईहरूबाट निर्देशन लिन तयार छैनन् । तिनीहरूको हृदय विनम्र छैनन् ।

४. किनकि तिमीहरू परमेश्वरमा पर्खिरहेका छैनन् र पवित्र आत्माको अगुवाईलाई आफ्नो इच्छा अनुसार चलाउन चाहन्छन् । कसैले भनेको कुरा परमेश्वरबाट हो कि भनेर विचार गर्दैनन् । त्यस्ता व्यक्तिलाई परमेश्वरले मार्ग दर्शन गर्न चाहनुहुन्न त्यसैले तिनीहरूले पवित्र आत्माको निर्देश नपाउन सक्दैनन् । यदि हामीले तुरुन्तै र खुसीसाथ आज्ञा मानेनै भने हामीले बाटो बिर्सीन्छौ । पावलले प्रेरितको पुस्तकमा यसरी भन्दछन् । "यसकारण हे राजा अग्रिपास स्वर्गीय दर्शनप्रति म अन आज्ञाकारी भइन् ।" ( प्रेरित २६:१९) उनले हर हालतमा परमेश्वरको आज्ञा पालन गरे र पवित्र आत्माले उनलाई अगुवाइ गर्नुभयो ।

५. किनकी डर र अविश्वासको कारणले गर्दा पनि तिनीहरूले पवित्र, आत्माको निर्देशन पाउन सक्दैनन् । अविश्वास र डरको कारणले गर्दा इस्राएलीहरू कनानमा प्रमेष गर्न बाध्य भए । उनीहरूलाई कालेब र यहोशूले परमेश्वरले तिमीहरूलाई यहि बस्न भन्नु भएको छ भने । किनकी उनिहरूले इस्राएलका ठुला ठुला मानिस र ठुला ठुला सहर साथै पर्खालहरू देख्दा डराए । उनीहरूको डरको कारणले इस्राएलमा जाने बाटो नै बिर्सेर उजाड स्थानमै नास भए ।

६. किनकी तिनीहरू प्रार्थनामा तुरुन्त आत्मा विश्वासका साथ सबैकुरा गर्न हुन्छ भन्ने कुरा विश्वास गर्दैनन् । तर पावलले हामीलाई प्रार्थनामा तुरुत हुन्छ भन्छन् । (रोमी १२:१२) म विश्वास गर्दछु कि प्रार्थना गर्न ढिलाइले परमेश्वरको जनहरू सबैको आनन्द र उहाँको डोऱ्याक्ष्बाट लुटिएका छन् ।

७. किनकी उनिहरूले प्रार्थना हता हतार गर्छन् । परमेश्वरको योजनालाई धैर्यपूर्वक पर्खन सक्दैनन् तर हामीले धैर्यता र सान्तपूर्वक उहाँमा विश्वासका साथ पर्खनु पर्छ । उतिनै खेर उत्तर पाएन भनेर हतारीदा पनि उहाँको मार्गदर्शन पाउन सकिँदैन । यदि हामी आफ्नो मार्गमा असफल भयौ भने हामीलाई यो स्पष्ट हुन्छ कि हामी परमेश्वरको मार्गमा छैनौ । यसरी हामीले उहाँको मार्ग दर्शन पाउनलाई ढिला सुस्ती गर्नु हुँदैन । परमेश्वरको इच्छामा दृढताका साथ रातमा आगोको ज्वाला र दिनमा बादलको खाबो नहटेसम्म स्थिर रहेर सिक्नुपर्दछ । र मायालु आत्मा विश्वासका साथ आनन्दको प्रहारले हामी अघि बढ्नुपर्छ जसमा हामीलाई उहाँले अगुवाइ गर्नुहुन्छ ।

अन्तमा हामी त्यो कुरामा विश्वस्त हुन सक्छौ कि पवित्र आत्माले मानिसहरूलाई कहिल्यै गलत काम गर्न दिनुहुन्न । परमेश्वरको इच्छा विपरित र कसैलाई वेमान हुने काम प्रति डोऱ्याउनु हुँदैन । त्यसैले हामी सित कोमल र दयालु व्यवहार गर्नुहुन्छ साथै पवित्रता र धार्मिकताको ठूला नियमहरू आदर गर्न लगाउनु हुन्छ । कहिले पनि हामीलाई उहाँले रगत र मासुको मार्गतिर डोऱ्याउनुहुन्न । उहाँले हामीलाई दु:ख र नोक्सानको जिवन दिनु हुन्न । जब येशू परिक्षामा पर्नुभयो, शैतानले उजाड स्थानमा विभिन्न प्रश्न सोधेको थियो । उहाँले एउटै मात्र उत्तर धर्मशास्त्रबाट दिनुभएको थियो । उहाँले पावललाई विभिन्न किसिमका दु:खबाट जान दिनुभयो, कैदमा जान दिनुभयो, कोर्रा लगाउन दिनुभयो, जाडो र कठोर सतावट मृत्यु सम्मै थियो । तर पावले भने,"तर मलाई उहाँले भन्नुभयो मेरो अनुग्रह तेरो निम्ति प्रयाप्त छ किनभने मेरो शक्ति दुर्बलतामानै सिद्ध हुन्छ । यसकारण खीष्टको शक्ति न माथि वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्व गर्नेछु । यसकारण खीष्टको खातिर दुर्बल ताहरूमा, बदनामीहरूमा कठिनाइहरूमा, सतावटहरूमा, आपद्हरूमा म सन्तुष्ट रहन्छ । किनकी जब म दुर्बल तब म शक्तिशाली छु ।" (२ कोरिन्थी १२: ९ - १०) यसैले हामीले हाम्रो स्वर्गीय मार्ग निर्देशनद्वारा नेतृत्व गर्नु पर्दछ ।

# आत्माले भरिएको जीवन

## The life of Triumph The Spirit Filled life

**– Robert C. Mc quilkim**

Vol 77 No 3 (915)

प्रेरित पावललाई विनयको जीवनको रहस्य थाहा थियो । उनले भनेका छन्, "किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो र मर्नु लाभ हो ।" -फिलिप्पी १:२१) यस भनाइलाई जीवनको दृष्टिकोणको बारेमा सोच्न सकिन्छ ख्रीष्टलाई सबैकुराको केन्द्र बनाउने र उहाँमा जीवनको अर्थ पत्ता लगाउन पातले कस्तो किसिमको जिवन विताइरहेका थिए ? फिलिप्पीहरूलाई लेखेको पत्र अत्यन्त व्यक्तिगत पत्र हो र यसमा उनको आफ्नै इसाइ जीवनको बारेमा धेरै गवाहीहरू दिएका छन् । र फिलिस्पीका उनका साथीहरूलाई उनीहरू कसरी बाँच्न सक्छन् भनेर सल्लाह दिएका छन् । हामी यस पत्रबाट आत्माले भरिएको इसाई जिवनको बारेमा यी गुणहरू सिक्न सक्छौ ।

**यो आनन्दको जीवन हो-** "प्रभुमा सधै आनन्द गर । म फेरि पनि भन्दछु, आनन्द गर ।" (फिलिस्पी ४:४)

**यो शान्तिको जीवन हो-** "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवाद सहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होउन् र समझले नै भित्र्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिनीहरूका मनलाई येशूमा रक्षा गर्नेछ ।" (फिलिस्पी ४: ६ - ७)

**यो दुःख र कष्टको जीवन हो-** "किनभने ख्रीष्टको निम्ति तिमीहरूलाई यो दिएको छ, कि तिमीहरूले उहाँमाथी विश्वास गर्नु मात्र होइन तर उहाँको खातिर दुःख पनि भोग्नुपर्छ ।" -फिलिस्पी १: २९)

**यो नम्रताको जीवन हो-** "स्वार्थ वा अहङ्कारमा केहि नगर, तर नम्रतामा एउटाले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान । तिमीहरू हरेकले आफ्नै हितमात्र नखोज तर अरुका हितलाई पनि हेर । तिमीहरूमा यस्तो मन होस् जो ख्रीष्ट येशूमा पनि थियो ।" (फिलिस्पी २ : ३ - ५)

**यो आश्वासनको जीवन हो-** "मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नु भयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ ।" -फिलिप्पी १:६)

**यो आज्ञाकारिता र मानवीय उत्तरदायित्वको जीवन हो-** "यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधै आज्ञापालन गरेका छौ मेरो उपस्थिति मात्र गरेजस्तो होइन तर अब झन बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर ।" (फिलिस्पी २:१२)

**यो वीरता र अनन्त सेवाको जीवन हो-** "किनकि म प्रतिको तिमीहरूको सेवा पूरा गर्नलाई ख्रीष्टका कामको निम्ति तिनी मृत्युको मुखैमा पुगेका थिए ।" -फिलिप्पी २:३०) "मेरो उत्कृष्ट प्रतीक्षा र आशा यो हो कि म कवाचित लल्जित हुने छैन तर ममा प्रशस्त सहास हुनेछ र सधैझैंअहिले पनि मेरो शरीरमा ख्रीष्ट सम्मानित हुनुहुनेछ चाहे मृत्युद्वारा होस अथवा जीवनद्वारा ।" (फिलिस्फी १: २०)

**यो आत्माको लागी उत्कृष्टताको जीवन हो-** "भाइ हो तिमीहरूलाई यो थाहा होस भन्ने म चाहन्छु, कि "माथि आइलागेन कुराहरूले वास्तवमा सुसमाचारलाई अगि बढाउने काम भएको छ ।" -फिलिस्पी १: १२)"जे होस् मूल कुरो यही हो - हर किसिमले चाहे बहानामा चाहे सत्यमा ख्रीष्टको प्रचार गरिओस र यसैमा म रमाउछु ।" (फिलिस्पी १: १८)"केवल तिमीहरूका जीवनको चाल ख्रीष्टका सुसमाचार योग्य होस् । म चाहे अनुसार तिमीहरूलाई देखूँ चाहे अनुपस्थित रहू, म तिमीहरूका बारेमा यहि कुरा सुन्न चाहन्छु कि तिमीहरू एउटै आत्मामा दृढ बली खडा आएका छौ र एउटै मनका भइ सुसमाचारको विश्वासको निम्ति मिलेर परिश्रम गर्दछौ ।" (फिलिस्पी १ : २७)

**यो क्रूसमा केन्द्रित जीवन हो-** "म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकू र उहाँको मृत्युमा उहाजस्तै भइ उहाका दुःख भोगमा सहभागी हुन सके ।"(फिलिप्पी ३: १०)

**यो प्रार्थनाको जीवन हो-** "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होउन् । " (फिलिस्पी ४: ६)

**यो शक्तिको जीवन हो-** "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।" (फिलिस्पी ३ :

१०)

**यो अविश्वासीहरूलाई साक्षी दिने जीवन हो-** कि तिमीहरूचाहि निर्दोष र सुधा भएर टेढा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझै चम्कन्छौ ।" ( फिलिस्फी २: १५)

**यो पैसा त्यागको जीवन हो-** "कि प्रथम दिनदेखि अहिलेसम्म सुसमाचारमा तिनीहरूका सहभागिताको निम्ति म धन्यवादी छु ।" (फिलिस्पी १: ५) "मैले पाउनुपर्नेभन्दा बढी नै पाएको छु । इपाफ्रो डिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको र परमेश्वरलाई मनपर्दो र ग्रहण योग्य बलिदान पाएर म तृप्त भएको छु ।"( फिलिस्पी ४: १८)

**यो भौतिक आवश्यकता पूरा भएको जीवन हो-** "मेरा परमेश्वरले आफ्नो महिनामा उहाँको सम्पत्ति अनुसार तिमीहरूको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनु हुनेछ ।" (फिलिस्पी ४:१९)

**यो सन्तुष्टिको जीवन हो-** "खाँचो पऱ्यो भनेर मैले गुनासो पोखाएको होइन किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु ।" (फिलिप्पी ४ : १९)

**यो उच्च सोचको जीवन हो-** "अन्त्यमा भाइ हो, ने कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्याय सङ्गत छ, जे कुरो शुद्ध छ, जो प्रेम योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर ।" (फिलिस्पी ४ : ८)

**यो बढ्दो जीवन हो-** "मेरो प्रार्थना यही छ कि ज्ञान र अन्तद्धृष्टिमा तिमीहरूको प्रेम झन् - झन प्रशस्त हुँदैन जाओस् ।" (फिलिस्पी १ : ९)

"खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु ।" (फिलिस्पी ३: १४)

**यो निश्चित भविष्यको गौरबको जीवन हो-** "किनकि मेरो निम्ति जिउनु खीष्ट हो र मर्नु लभ हो ।" (फिलिस्पी १: २१)"तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता अर्थात् प्रभू येशू खीष्टको प्रतीक्षा हामी गर्दछौ । उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ ।" ( फिलिस्पी ३ : २० - २१)

**यो पूर्ण समर्पण गरिएको जीवन हो-** "साँच्चै भन्ने खीष्ट येशू मेरा प्रभूलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हामी नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकू भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर मैला तुल्य म गन्दछु ।" (फिलिस्पी ३: ८)

**यो अनुग्रहले बाँचेको जीवन हो-** "र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकू । व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो खीष्टमाथि निर्भर हुन्छ, जुनचाहि विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो ।" ( फिलिस्पी ३: ९)

**यो जीवन विजयी अलौकिक शक्तिद्वारा बाँचेको जीवन हो-** फिलिप्पीका खिष्टियनहरूको यस कुरालाई प्रश्ष्ट पारेका छन् । हामी खीष्टको अनुकरण गर्दै वा माथीबाटको शक्तिलाई धारण गरेर खीष्ट जस्तो हुने प्रयत्न गारौ भन्ने पावलको गोप्य कुरा थियो त्यसैले उनले खीष्टको कुराहरू प्रकट गरेका थिए । एक अलौकिक शक्तिमा परमेश्वरले मानिसलाई जिम्मेवारी दिनुभएको छ । यस्ता किसिमका विकृतिहरूलाई खीष्ट येशूले हाम्रो विश्वासलाई पूर्ण बनाएर जिम्मेवारी दिनु भएको छ । यी दिनहरूमा हामी आफूमात्र बाचेर होइन अरुलाई पनि खीष्टमा बचाएर परमेश्वरको राज्य विस्तार गर्नुपर्छ ।

## बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

**नियमित बाइबल पढ्ने बानी बसालौं**

# हराएको व्यक्तिको निम्ति हाम्रो परिवारमा प्रार्थना

## Praying in our Families for lost people

Vol. 78 No 6 (930)

By Kim Butts

हाम्रो घरमा हुने पारिवारीक प्रार्थनामा हामी हराएका दुई समूहको निम्ति प्रार्थना गर्दछौ । पहिलो समुहले हाम्रो असुरक्षित परिवार, साथीहरू, छिमेकीहरू र परिचितहरू समावेश गर्दछ । दोस्रो समूहले पृथ्वीको छेउमा नबचाइएका मानिसहरूलाई समावेश गर्दछ । प्रभुले हामीलाई उहाँको चाहना अनुसार बनाउनुहुन्छ । उहाँ एक प्रेमीलो पिता हुनुहुन्छ "सबै मानिसहरूले मुक्ति पाउन र तिनीहरू सत्यको ज्ञानमा आउन भन्ने इच्छा उहाँ गर्नुहुन्छ ।" (१ तिमोथी २:४) उहाँले हाम्रो हृदयमा हराएका मानिसहरूको लागि प्रेम पुऱ्याइरहनु भएको हुन्छ ।

के तपाईंको परिवारमा हराएको व्यक्तिको लागि ईश्वरिय खोजीले खोज्नु भएको छ ? के तपाईंले प्रभुको निम्ति धेरै मानिसहरूमा पुग्नको लागि प्रार्थना गर्नुभएको छ ? अरुको निम्ति उनिहरूको हृदयलाई उत्तेजित पार्न चाहानुहुन्छ ? के उनीहरू उहाँको प्रेम तर्फ आकर्षित भएर मुक्ति पाउन सकुन भन्ने चाहनुहुन्छ ? परमेश्वरको वचनले विश्वासका प्राश्नाहरू समावेश गरेको पाउँदछौ जसमा यो कुरा सम्भव छ । जब तपाईं प्रार्थना गर्नुहुन्छ प्रभुले हराएको व्यक्तिको हृदयमा काम गर्न थाल्नुहुन्छ र उनीहरूको मन परिवर्तन गरिदिनुहुन्छ । कारण उनीहरूले जान्दछन् कि परमेश्वरले उनीहरूको प्रार्थना सुनेर मेरो हृदय परिवर्तन गर्नु भयो र उनिहरूले भन्दछन महान प्रार्थनाको कारण हाम्रो जीवन परिवर्तन भयो, आजदेखि म पनि प्रार्थना गर्दछु । त्यस समयमा तपाईं भन्न सक्नुहुन्छ । तिमी सँगसँगै म पनि प्रार्थना गर्दछु अनी परमेश्वरले जवाफ दिनुहुनेछ । जब तपाईंले हराएको मानिसलाई उहाँको सत्यताको ज्ञानमा ल्याउनुहुन्छ के संसारका मानिसहरूको निम्ति अचम्मको कुरा होइन र ? तपाईंको परिवारको प्रार्थनाले एउटा हराएको मानिसलाई परमेश्वरको नजिकतामा ल्याउदा अरु धेरै मानिसहरू पनि उहाँ कहाँ आउन सक्छन् ।

यी प्रार्थनाहरूको प्रयोग गर्नुहोस कि तिनीहरूलाई शक्तिशाली बनाउन र सत्रुलाई हराउनको निम्ति मद्दत गरोस् । कुनै पनि राष्ट्र, व्यक्तिको समुह, वा नबाचिएका परिवार र साथीका नामहरू लेखेर पूर्ण रूपमा स्वतन्त्र प्रकारले प्रार्थना गर्नुहोस् र येशूमा पाएको महसुस गर्नुहोस् । "येशूले तिनीहरूलाई हेरेर भन्नुभयो, मानिसहरूका निम्ति यो त असम्भव छ तर परमेश्वरको लागि छैन किनकी परमेश्वरको निम्ति सबै कुरा सम्भव हुन्छ ।" (मर्कूस १० : २७) पिता हामी तपाईंको प्रसंसा गर्दछौ किनकी तपाईंको अद्भुत अनुग्रहले सबै ठाउका सबै मानिसहरूका लागि मुक्ति पाउन सम्भव बनाउँछ ।" तिनीहरूका विषयमा भनौ भने खीष्ट जो परमेश्वरको रूपमा हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले देखुन भनेर यस संसारको देवले अविस्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ ।" (२ कोरिन्थी ४:४) अनुग्रहि प्रभु हामी तपाईंलाई विन्ति गर्छौ कि तपाईंले अन्दाहरूलाई अन्धा बनाउनुहुन्छ जसबाट खीष्टको महिमाको सुसमाचारको ज्योती देखेर अविश्वासीहरूलाई रोख्दछ ।

"मलाई पठाउनुहुने पिताले खिच्नुभएन भने कोहि मकाहा आउन सक्दैन र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्ने छु । (यूहन्ना ६: ४४) अद्भ्रतका राजा के तपाईं आफैमा हुनुहुन्छ ? कृपया उहाँको हृदयलाई तपाईंको आत्माले उत्तेजित तुल्याउनु होस् । जसले गर्दा उहाँले तपाईंको हृदय बुझ्न सक्नुहुन्छ। "अनि सब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ ।" (यूहन्ना १६:८) स्वर्गीय पिता, धेरै मानिसहरू पापमा हराउँदै छन् । तपाईंले उनीहरूलाई के शरिर रहनु भएको छ ? के तपाईंले उनीहरूलाई चिनाउनको लागि ३९)" "उहाँ कुनै एक ठाउमा प्राउनिहरूलाई पश्चाताप गर्न मद्दत पुऱ्याउनुहुनेछ । तिनीहरूले तपाईंलाई धन्यको भन्ने छन्, क्षमा पाउने छन् र मुक्ति पाउने छन् ।

परमेश्वरले आफ्ना प्रतिज्ञा पूरा गर्नको ढिलो गर्नु हुँदैन । उहाँ तपाईंसँग धैर्यता राख्नुहुन्छ, कसैको विनाश भएको होइन तर सबैले पश्चाताप गरेको उहाँ चाहानुहुन्छ ।" आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै कसैको भनाइ भए तापनी उहाँ ढिलो गर्नुहुन्न, तर उहाँ कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान हुनुहुन्छ ।" (२ पत्रुस ३ :८) हे प्रभु, धैर्यवान, र धीरजी परमेश्वर भएकोमा हामी तपाईंलाई धन्यवाद दिन्छौ । सबै मानिसहरूलाई असाध्यै प्रेम गरेकोमा धन्यवाद छ कि तपाईं कोहि पनि विनाश भएको चहानुहुन्छ ।

"हे प्रार्थना सुन्नुहुने तपाईं कहा नै सबै मानिसहरू आउनेछन् ।" (भजन संग्रह ६५:२) हे पिता, हामी तपाईंको प्रसंसा गर्दछौ जसले हाम्रो प्रार्थना सुन्नुहुन्छ र तिनीहरूलाई उत्तर दिनुहुन्छ । तपाईंको अगाडि विश्वासयोग्य भएर हराएरका मानिसहरू ल्याउन हामीलाई

सहयोग गर्नुहोस् ।

"परमप्रभुलाई धन्यवाद चढाओ, उहाँको नाउँको पुकारा गर, जातिहरूका बीचमा उहाँले गर्नुभएको कार्यहरू प्रचार गर । उहाँको निम्ति गाओ, उहाँको प्रशंसाको स्तुति गाओ, उहाँको सबै आश्चर्यकर्महरूको बयान गर । उहाँको पवित्र नाउँमा तिमीहरू गौरव गर, परमप्रभुलाई खोज्नेहरूको हृदय आनन्दित होस । परमप्रभु र उहाँका शक्तिको खोजी गर, उहाँको दर्शन निरन्तर खोज ।" (१ इतिहास १६ : ८ - ११) हे प्रभु हावी तपाईंलाई धन्यवाद दिन्छौ । हामीलाई सहासकासाथ तपाईंले हाम्रो जीवनमा गर्नुभएको कुराहरू अविश्वासीहरूलाई बताउन सहयोग गर्नुहोस् । हामी निरन्तर तपाईंको मुहार प्रार्थनामा खोज्न सबैका तकि तपाईंको शक्तिले हामी हराएकाहरूलाई तपाईंकहाँ ल्याउन सकौ ।

"तपाईं आश्चर्य कामहरू गर्ने परमेश्वर हुनुहुन्छ, तपाईं आफ्नो सामर्थ्य मानिसहरूका विचमा प्रकट गर्नुहुन्छ" (भजनसंग्रह ७७ : १४) हे परमेश्वर, तपाईंको सामर्थ्यको शक्ति सै मानिसहरूको बिचमा प्रदशृन हाम्रो बिचमा अचम्मको काम गर्नुहोस र आफूलाई सबै मानिसहरूको विचमा परिचित गर्नुहोस् ।

"हे सबै जाति-जातिका मानिस हो, परमप्रभुको स्तुति गर । हे सबै जन हो, उहाँको जय जयकार गर । किनभने हामीप्रति उहाँको करुणा अपार छ । र परमप्रभुको विश्वसनीयता सदाको निम्ति रहन्छ । परमप्रभुको प्रशंसा गर ।" ( भजनसंग्रह ११७) हो पिता, कृपया हराएकाहरूको जीवनमा काम गर्नुहोस् ताकि तिनीहरूले तपाईंको महान प्रेम देखुन् र जान्न सकुन कि तपाईंको वफादारी सधैंभरी रहन्छ ।

"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउने छ ।" (मत्ती २४ : १४) सुसमाचार सारा संसारमा प्रचार होस भनेर हामी प्रार्थना गर्दछौ ताकि हामी तपाईंको गौरवशाली कार्य देख्न सकौ । र धेरै मानिसहरूले मुक्ति पाउन सकुन ।

"त्यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हागा लिई सिंहासन र शुभाको सामुन्ने उभिरहेको मैले देखे । तिनीहरू उच्च स्वरले कराए, सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थूमामा मुक्ति छ ।" (प्रकाश ७ : ९ - १०) अनुग्रही परमेश्वर हामी यसरी तपाईंलाई प्रसंसा दिन चाहन्छौ कि विभिन्न जाति, कुल भाषा बोल्ने मानिसहरूको विचमा तपाईंको उपस्थिति भएको हुन्छ । हे प्रभ्र येशू आउनुहोस् ।

# ख्रीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दु:ख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्फनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**